**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १२ जून २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- गुजरातको अहमदाबाद हवाई अड्डा ननजीक भएको भीषण विमाान दुर्घटनामा २०४ जनको ज्यान गईसकेको पुष्टि अहमदाबाद पुलिस आायुक्त ले गरेका छन्।

- राष्ट्रपति , उपराष्ट्रपति , प्रधानमंत्री सहित विश्वका कैंयन नेताहरूले विमान दुर्घटनामा हताहत भएकहरू प्रति गहिरो शोक संवेदना व्यक्त गरेका छन्।

- अहमदाबाद विमान दुर्घटना प्रति पश्मिच बंगालकी मुख्यमंत्री , सिक्किमका मुख्यमंत्री , दार्जीलिङका सांसद , जीटिए प्रमुख सहित प्रायः सबै स्थानीय नेताहरूले गहिरो दुःख व्यक्त गरेका छन्।

- कोलकाताको मेटियाब्रुजमा भएको हिन्साको विरोधमा आज भाजपाले विधान सभामा ठूलो विरोध प्रदर्शन गरयो।

- भारती यरेलवेले तत्काल टिकट बुकिंगको नयाँ नियमको घोषणा गरेको छ।

**अहमदाबाद विमान दुर्घटना**

अहमदाबाद विमाान दुर्घटनामा २०४ जनाको निधनाको पुष्टि भई सकेको  अहमदाबाद पुलिस आयुक्तले पुष्टि गरेका छन्। गुजरातको अहमदाबाद स्थित सरदार पटेल अर्न्तराष्ट्रिय हवाई अड्डा नजीक मेघानी नगरमा भीषण विमानुर्घटना भएको छ। यो विमान अहमदाबाद देखि सोझै लन्दनको लागि उड़ान  भरेको थियो। दिउँसो एक बजेर तीस मिनटमा उड़ान भरेको एयर इण्डियाको उड़ान संख्या AI-171 उड़ान भरेको ८ मिनट भित्रै क्रयास भयो। सो विमानमा १६९ जना भारतीय , ५३ जना ब्रिटेनका नागरिकह सहित जम्मा २४२ यात्रीहरू सवार थिए। यसमा दुई जना पाइलट र १० जना चालक दलका सदस्यहरू सामेल छनृ। सो विमान हवाई अड्डा नजी रहेको मेघ्वानी नगरको एउटा मेडिकल कलेजको होस्टल माथि झरयो।

प्रधानमंत्री नरेन्द्र मोदीले दुर्घ्टनको जानकारी पाउन साथ गृहमंत्री अमित शाह, नागरिक उड़यन मंत्र राममोहन नायडू ,गजरातका मुख्यमंत्री भूपेण पटेल सित फोनमा कुरा गरी स्थितिको जानकारी लिनुभयो ।उहाँले गृहमंत्री तथा उड्डयन मंत्रीलाई तत्काल गुजरात जानेनिर्देश दिनुभयो। राहत र वचावमा एनडीआरएफ को टिमहरूलई खटाईएको छ। दुर्घ्टनाको जानकारी पाउन साथ अग्निशमन विभाग र पुलिसका जवानहरूले विमान र विमान झरेको भवनमा लागेको आगो माथि नियंत्रण पाउन त्वरित कारवाही संचालित गरें घाइतेहरूलाई नजीकको अस्पामालमाा भर्ती गराईएको छ। एयर इण्डियाले दुर्घटनाबारे बढ़ी जानकारीका यात्रीहरूका आफन्त र अन्यलाई जानकारीका लागि हाट लाईन नम्बर १८००.५६९१ ४४४ जारी गरेको छ। यात्रीहरूका अ र अन्यलाई जानकारीका लागि केन्द्रिय उड्डयन मंत्रालयले एउटा नियंत्रण कक्ष स्थापित गरेको ९६५०३९१८५९ जारी गरेको छ। उड्डयन मंत्रालयले अझ भनेको छ - यस दुर्घटनाामा परेकाहरूलाई तत्काल रा पुर्ण सहायता प्रदान  गरिनेछ। यो दुर्घटना के कारणले भयो त्यसको जाँच गर्न विमान दुर्घटना जाँच ब्यूरोका महानिदेशक , निदेशक जाँच दल अहमदाबाद पुगी सकेको छ।

**ममता बनर्जी विमान दुर्घटना**

मुख्यमंत्री ममता बनर्जीले अहमदाबादमा  भएको विमान दुर्घटना गहिरो दुख प्रकट गर्नुभएको छ।उहाँले सोशल मीडिया पोस्ट' मार्फत  भन्नुभयो, यस विमान दुर्घटनाले  उहाँ  स्तब्ध र अत्यंत व्यथित हुनुहुन्छ ।सुश्री  बनर्जीले सबै  सकुशल हुने प्रार्थना गर्नुभयो।

**प्रधानमंत्री-विमान दुर्घटना**

प्रधानमन्त्री नरेन्द्र मोदीले एयर इन्डियाको विमान दुर्घटनालाई हृदय विदारक बताउनु भएको छ। उहाँले प्रभावित मानिसहरूलाई सहयोग गर्न काम गरिरहेका मन्त्रीहरू र अधिकारीहरूसित सम्पर्कमा रहेको बताउनु भयो।  श्री मोदीले  दुःखको यस घडीमा  उहाँको समवेदना सबै प्रभावित मानिसहरुका साथ  रहेको भन्नुभएको छ।

**उपराष्ट्रपति- विमान दुर्घटना**

उपराष्ट्रपति जगदीप धनखड़ले अहमदाबादमा भएको दुर्भाग्यपूर्ण विमान दुर्घटना प्रति दुख व्यक्त गर्नुभएको छ। सोशल मीडिया पोस्टमा श्री धनखड़ले भन्नुभएको छ दुखको यस घड़ीमा सम्पूर्ण देश प्रभावित मानिसहरुका साथ एकजुटतासित उभिएको  छ। उपराष्ट्रपतिले आफ्नो संवेदना व्यक्त गर्नुभयो र सबै प्रभावित मानिसहरुको लागि प्रार्थना गर्नुभयो।

**विशेष प्रसारण**

केन्द्र सरकारको एघार साल, सेवा सुशासन र गरीब कल्याणको क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरिएका छन् जसमा कृषि, नारी, रक्षा, स्वस्थ्य , आर्थिक सेवा अनि दूरसंचार , पूर्वाधार, अन्तरीक्ष ,खनन, निर्यात, उध्योग , व्यापार वाणिज्य देखि हरेक क्षेत्रमा अप्रत्याशित उपलब्धिहरू हासिल गरेको छ। यसै क्रममा आज आकाशवाणी खरसांगबाट साँझ ५ बजेर २० मिनटमा भारतको अमृत काल, सेवा , सुशासन र गरीब कल्याणको दिशामा देशको स्वास्थ्य क्षेत्रमा गरिएका केही अभूतपूर्व उपलब्धिहरूबारे एउटा विशेष वार्ता प्रसारित गरिनेछ। यो वार्ता एफ.एम १०३.५ र १०२.३ मेगाहर्जमा सुन्न सक्नु हुनेछ। All India Radio App मा पनि यसलाई सुन्न सक्नु हुनेछ।

**महेशतला हिसां**

दक्षिण 24 परगना जिल्लाको महेशतला क्षेत्रमा हिजो साँझ दुई समुदायबीच भएको हिंसक झडपको मामिलामा हालसम्म 29 जनालाई पक्राउ गरिएको छ। पुलिसले बताए अनुसार  घटनापछि क्षेत्रमा स्थिति अब पूर्ण रूपमा नियन्त्रणमा छ। रवीन्द्रनगर थाना क्षेत्र अन्तर्गत महेशतला क्षेत्रमा एक दोकान स्थापित गरेको विषयलाई लिएर सुरु भएको छ जुन र विवाद बढ़ेपछि सम्पूर्ण क्षेत्र युद्धभूमिमा परिणत भयो। झडपमा कम्तीमा पाँच पुलिसकर्मी घाइते भएका छन् भने धेरै वाहनहरुमा तोडफोड गरिएको छ। यसैबीच, घटनाले राजनीतिक मोड लिएको छ। विपक्षी भारतीय जनता पार्टीले हिंसा प्रभावित क्षेत्रमा केन्द्रीय बल तैनाथ गर्न माग गरेको छ। साथै, सत्तारुढ तृणमूल कांग्रेसले भाजपामाथि यस विषयमा स्थानीय मुद्दाहरूलाई राजनीतिकरण गरेको आरोप लगाएको छ। हाल क्षेत्रमा तनाव छ तर प्रशासनले शान्ति पुनर्स्थापित गर्ने प्रयास गरिरहेको छ।

**आईआरसीटीसी**

भारतीय रेलवेले तत्काल टिकटका लागि नयाँ नियमहरूको घोषणा गरेको छ। एक जुलाईदेखि,केवल ती मानिसहरुले भारतीय रेलवे खानपान तथा पर्यटन निगम -आईआरसीटीसीको वेबसाइट र एपमा अनलाइन तत्काल टिकट बुक गर्न सक्नेछन्, जसले आफ्नो खाता आधारसित प्रमाणित गरेका छन्। 15 जुलाईदेखि, यी नियमहरू आरक्षण काउन्टरबाट तत्काल टिकट बुकिङमा पनि लागू हुनेछन्। हाम्रा संवाददाताले बताएअनुसार निष्पक्ष र पारदर्शी तरिकाले तत्काल टिकट बुकिङ गर्न र यात्रीहरूको हितलाई सुरक्षित रक्षा गर्न यो निर्णय गरिएको हो।

****** ० ******